# दाङ जिल्लाको दशौँ जिल्ला सभा कार्यक्रमको प्रतिवेदन

जिल्ला समन्वय समितिको कार्यालय
घोराही, दाङ
लुम्बिनी प्रदेश, नेपाल

**कार्यक्रमको नाम:** दाङ जिल्लाको दशौँ जिल्ला सभा
**आयोजक:** जिल्ला समन्वय समितिको कार्यालय, दाङ
**मिति:** २०८३ साल भाद्र १७ गते बुधबार
**स्थान:** जिल्ला समन्वय समितिको कार्यालय,दाङको सभाहल
**कार्यक्रम सञ्चालक:** विमला पाण्डे (नायब सुब्बा, जि.स.स. दाङ)

## १. पृष्ठभूमि तथा कानुनी व्यवस्था

नेपालको संविधान (२०७२) ले परिकल्पना गरेको संघ, प्रदेश र स्थानीय तहबीचको सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तलाई व्यावहारिक रूपमा कार्यान्वयन गर्न जिल्ला समन्वय समितिको महत्त्वपूर्ण भूमिका रहेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम जिल्लाभित्रका स्थानीय तहहरूबीच विकास निर्माण, नीति निर्माण, सेवा प्रवाह तथा सुशासन कायम गर्ने कार्यमा अनुगमन, समन्वय र सहजीकरण गर्नु जिल्ला समन्वय समितिको मुख्य संवैधानिक एवं कानुनतः दायित्व हो।

यसै संवैधानिक तथा कानुनी व्यवस्थालाई आत्मसात् गर्दै जिल्ला समन्वय समिति, दाङको **दशौँ जिल्ला सभा** (निर्वाचित पदाधिकारीहरूको कार्यकालको पाँचौँ जिल्ला सभा) मिति २०८३ साल भाद्र १७ गते बुधबारका दिन गरिमामय वातावरणमा सम्पन्न भएको छ।

कार्यक्रमको सुरुवातमा मुलुकमा लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि अमूल्य जीवन उत्सर्ग गर्नुहुने वीर सहिदहरू, भ्रष्टाचारमुक्त समाज र सुशासनका लागि आन्दोलनमा शहादत प्राप्त गर्ने सहिदहरू तथा प्राकृतिक विपद् (बाढी/पहिरो) मा परी ज्यान गुमाउने नागरिकहरूप्रति श्रद्धाञ्जली अर्पण गरिएको थियो।

यस जिल्ला सभामा अघिल्लो आर्थिक वर्षमा जिल्लाभित्र सम्पादन गरिएका मातृशिशु स्वास्थ्य, कुपोषण न्यूनीकरण, विकास आयोजनाहरूको स्थलगत अनुगमन, सामाजिक विकास, मानव अधिकार, सडक मानवमुक्त अभियान तथा नदीजन्य पदार्थको व्यवस्थापनजस्ता मुख्य-मुख्य उपलब्धिहरूको समीक्षा गरिएको थियो। साथै, आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि जिल्लाको सर्वोपरी विकास, सुशासन, वातावरणीय संरक्षण, भौतिक पूर्वाधार, शिक्षा-स्वास्थ्य र मानव संसाधन विकासलाई प्राथमिकतामा राखी प्रस्तुत गरिएका नीति, कार्यक्रम तथा बजेटलाई छलफलसहित सर्वसम्मत रूपमा पारित गर्दै कार्यक्रम सफलताका साथ सम्पन्न भएको छ।

## २. कार्यक्रमको औपचारिक सञ्चालन तथा आशन ग्रहण

कार्यक्रम सञ्चालकबाट स्वागत मन्तव्यका साथै संवैधानिक/कानुनी प्रावधानको जानकारी गराउँदै औपचारिक रूपमा कार्यक्रम सञ्चालन गरियो।

- **सभाध्यक्ष:** श्री नित्यानन्द शर्मा (प्रमुख, जिल्ला समन्वय समिति, दाङ)
- **प्रमुख अतिथि:** माननीय श्री डिल्ली बहादुर चौधरी (पूर्व मुख्यमन्त्री तथा प्रदेश सभा सदस्य)
- **विशिष्ट अतिथि तथा अतिथिहरू:**
    - प्रदेश सभा सदस्यहरू
    - प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रहरी प्रमुख
    - विभिन्न राजनीतिक दलका जिल्ला अध्यक्ष/प्रतिनिधिहरू
    - उद्योग वाणिज्य संघ, गैरसरकारी संस्था महासंघ, नागरिक समाज, नेपाल पत्रकार महासंघ तथा मिडियाकर्मीहरू
- **सभासदस्यहरू :** दाङ जिल्लाका १० वटै स्थानीय तहका नगर प्रमुख/उपप्रमुख, गाउँपालिका अध्यक्ष/उपाध्यक्ष एवं जि.स.स. सदस्यहरू
- **खादा, ब्याज तथा पुष्पगुच्छाद्वारा स्वागत:** जि.स.स सदस्यहरु(जुन कुमारी बुढा,सरस्वती परियार लगायत)

**३. राष्ट्रिय गान, मौनधारण तथा समुद्घाटन**

१. **राष्ट्रिय गान:** समुपस्थित सम्पूर्ण महानुभावहरूबाट उभिएर राष्ट्रिय गान गायन गरियो।

२. **मौनधारण:** राष्ट्रहित, लोकतन्त्र र परिवर्तनका लागि जीवन उत्सर्ग गर्ने ज्ञात-अज्ञात सहिदहरू,जेन्जिआन्दोलनका शहीदहरु र मिति २०८३/०५/१० गते रसुवा जिल्लाको भोटेकोशी नदीमा आएको अकल्पनिय आकस्मिक बाढीका कारण मृत्युवरण गर्ने मृतकहरु प्रति१ मिनेट मौनधारण गरियो।

३. **स्वागत मन्तव्य:** जिल्ला समन्वय समिति दाङका उपप्रमुख (श्री चेतना चौधरी) द्वारा सम्पूर्ण अतिथिहरूलाई औपचारिक स्वागत गरियो।

४. **समुद्घाटन:** पानसमा दीप प्रज्वलन एवं वीर सहिदहरूको तस्बिरमा माल्यार्पण गरी प्रमुख अतिथि ,विशिष्ट अतिथि र सभाध्यक्षद्वारा कार्यक्रमको औपचारिक उद्घाटन गरियो।

**४. नीति, कार्यक्रम तथा बजेट प्रस्तुति**

सभाध्यक्ष तथा जिल्ला समन्वय समिति दाङका प्रमुख श्री नित्यानन्द शर्मा द्वारा आ.व. २०८२/०८३ को कार्यप्रगति, क-२-छ (विविध खाता) र केन्द्रीय अनुदान बजेटको विवरण प्रस्तुत गरियो। साथै, आ.व. २०८३/०८४ का लागि २४ बुँदे प्रमुख नीति तथा कार्यक्रमहरू प्रस्तुत गरियो।

**प्रस्तुत बजेटको विवरण:**

- **कार्यालय सञ्चालन कोष (विविध खाता):** रु. ९९,३६,७१४.६२
- **केन्द्रीय अनुदान बजेट:** रु. १,५२,१२,०००.००

### ५. शुभकामना मन्तव्य

कार्यक्रममा विभिन्न क्षेत्रका प्रतिनिधिहरूले जिल्ला सभाको सफलताको शुभकामना व्यक्त गर्नुभयो:

- नागरिक समाज, गैरसरकारी संस्था महासंघ तथा उद्योग वाणिज्य संघका प्रतिनिधिहरू
- नेपाल पत्रकार महासंघका अध्यक्ष
- विभिन्न राजनीतिक दल (रास्वपा ,कांग्रेस, एमाले, माओवादी केन्द्र, राप्रपा, राजमो, एकीकृत समाजवादी आदि) का जिल्ला प्रमुखहरू
- स्थानीय तहका प्रमुख/उपप्रमुखहरू, प्रमुख जिल्ला अधिकारी तथा प्रदेश सभाका माननीय सदस्यहरू
- **मायाको चिनो प्रदान:** सभाध्यक्षद्वारा प्रमुख अतिथि र विशिष्ट अतिथिलाई मायाको चिनो हस्तान्तरण गरियो।

### ४. पेश गरिएका प्रमुख नीति तथा कार्यक्रमहरू

**क.अघिल्लो आ.व मा सम्पादित कार्यहरु:**

१. **मातृशिशु मृत्युदर अनुगमन:** दाङका दशवटै पालिकामा मातृशिशु मृत्युदर न्यूनीकरणका लागि स्थलगत अनुगमन र सहजीकरण गरिएको।

२. **कुपोषणसम्बन्धी अनुगमन र प्रतिवेदन:** पालिकास्तरीय पोषण कार्यक्रमहरूको अनुगमन गरी मन्त्रालयमा सुझावसहित प्रतिवेदन पेस गरिएको।

३. **सामाजिक विकास अनुगमन:** मन्त्रालयको कार्यक्रम अनुसार पालिकास्तरीय सामाजिक विकास कार्यक्रमहरूको अनुगमन र सरोकारवाला मन्त्रालयमा प्रतिवेदन पेस।

४. **समीक्षा गोष्ठी आयोजना:** दोहोरोपन हटाउन विकास आयोजनाहरूको अनुगमन गरी जिल्लास्तरीय समीक्षा गोष्ठी सम्पन्न गरिएको।

५. **पोषण परियोजना अनुगमन:** 'हेलेन केलर' र 'बेस' द्वारा सञ्चालित 'पोषणमार्फत जीवन रूपान्तरण परियोजना'को अनुगमन र सहजीकरण।

६. **मानव अधिकार समिति गठन:** मानव अधिकारको प्रवर्द्धनका लागि दशवटै पालिकामा 'स्थानीय तह मानव अधिकार समिति' गठन।

७. **सचेतना कार्यक्रम:** लैंगिक हिंसा, बालश्रम र बालविवाह विरुद्ध पालिकाहरूसँग समन्वय गरी सचेतना कार्यक्रम सञ्चालन।

८. **संक्रमणकालीन न्यायमा सहकार्य:** तत्कालीन द्वन्द्वपीडितको न्याय तथा संक्रमणकालीन न्यायका लागि सरकारी/गैरसरकारी संस्थासँग समन्वय।

९. **सिमाना तथा वर्गीकरण पुनरावलोकन:** गाउँपालिका/वडाको सिमाना हेरफेर र नगरपालिका वर्गीकरण पुनरावलोकनका लागि अध्ययन प्रक्रिया अघि बढाइएको।

१०. **सडक मानवमुक्त जिल्ला घोषणा:** मानव कल्याण आश्रमहरूसँगको सहकार्यमा दाङ जिल्लालाई 'सहयोगापेक्षी सडक मानवमुक्त जिल्ला' घोषणा।

११. **पूर्णखोप तथा सुत्केरी घोषणा:** जिल्लालाई पूर्णखोप निरन्तरता तथा दंगीशरण र राप्ती गाउँपालिकालाई 'पूर्ण संस्थागत सुत्केरी पालिका' घोषणा।

१२. **नदीजन्य पदार्थ व्यवस्थापन:** IEE भएका घाटहरूको अनुगमन गरी उत्खनन र संकलनका लागि चुरे-तराई मधेस संरक्षण समितिमा सिफारिस।

१३. **गौशाला निर्माणमा समन्वय:** छाडा चौपाया व्यवस्थापनका लागि पालिकाहरूसँग समन्वय गरी गौशाला निर्माण र सञ्चालनमा सहजीकरण।

१४. **लागूऔषध न्यूनीकरण:** लागूऔषध दुर्व्यसनी न्यूनीकरणका लागि सुरक्षा निकाय र गैरसरकारी संस्थासँग सचेतनामूलक सहकार्य।

**ख.चालु आ.व को लागि प्रस्तावित नीति तथा कार्यक्रमहरु:**

१. **पार्श्वचित्र (Profile) निर्माण:** स्रोत व्यवस्थापन गरी चालु आ.व. मा जिल्लाको पार्श्वचित्र (District Profile) निर्माण गर्ने।

२. **राजस्व र ठेक्का व्यवस्थापन:** समयमै IEE र अनुगमन गरी नदीजन्य पदार्थको ठेक्का सम्झौता गर्ने र चोरी निकासी नियन्त्रण गर्ने।

३. **सूचना केन्द्र सञ्चालन:** जिल्ला समन्वय समितिमा जिल्लास्तरीय सूचना (अभिलेख) केन्द्र सञ्चालन गर्ने।

४. **योजना बैंक निर्माण:** आयोजनाहरूमा दोहोरोपन रोक्न जिल्ला समन्वय समितिमा 'योजना बैंक' (Project Bank) स्थापना गर्ने।

५. **मल वितरण प्रणाली सुधार:** किसानहरूलाई सहज र समयमै अनुदानको मल उपलब्ध गराउन मल वितरण संयन्त्र र प्रणाली सुधार गर्ने।

६. **प्राङ्गारिक मल र जलाशय:** रासायनिक मलको प्रयोग घटाउने, प्राङ्गारिक मल बढाउने र कृत्रिम जलाशय निर्माण गर्ने।

७. **टुक्रे योजना नियन्त्रण:** बजेटमा टुक्रे आयोजनाहरू विनियोजन गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्ने।

८. **रुग्ण आयोजना व्यवस्थापन:** रुग्ण (अधुरा) आयोजनाहरूको तथ्यांक संकलन गरी तिनलाई पूर्णता दिन सम्बन्धित निकायसंग समन्वय गर्ने।

९. **मानव विकास र सामाजिक सुधार:** स्वास्थ्य, शिक्षा, लागूऔषध, लैंगिक हिंसा, बालविवाह र बालश्रम नियन्त्रणमा सहजीकरण गर्ने।

१०. **पोषण र संस्थागत सुत्केरी:** कुपोषण तथा मातृशिशु मृत्युदर घटाउन र 'पूर्ण संस्थागत सुत्केरी' घोषणाका लागि समन्वय गर्ने।

११. **डिजिटल एडिक्सन नियन्त्रण:** बालबालिका तथा युवामा देखिएको मोबाइल/डिजिटल एडिक्सन न्यूनीकरण कार्यक्रम सञ्चालन गर्ने।

१२. **नाका क्षेत्र विशेष कार्यक्रम:** दक्षिण सीमावर्ती तथा विकट नाकावासीका लागि शिक्षा, स्वास्थ्य, रोजगारी आदि विशेष कार्यक्रम चलाउने।

१३. **वैकल्पिक सडक निर्माण:** चुनढुंगा बोक्ने टिप्परका लागि वैकल्पिक सडक मार्ग निर्माण गर्न प्रस्ताव गर्ने।

१४. **शान्ति सुरक्षा प्रवर्द्धन:** सुरक्षा निकायहरूसँग समन्वय गरी जिल्लामा शान्ति सुरक्षाको प्रत्याभूति कायम गर्ने।

१५. **कोइलाबास भन्सार सञ्चालन:** भारतसँग जोडिएको ऐतिहासिक कोइलाबास भन्सार नाका पुनः सञ्चालनमा ल्याउन संघ/प्रदेश र स्थानीय सरकारसंग आवश्यक समन्वय गर्ने ।

१६. **क्षमता विकास तालिम:** जनप्रतिनिधि र कर्मचारीका लागि समसामयिक तालिम तथा क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने।

१७. **न्यायिक समितिमा कानुन अधिकृत:** स्थानीय तहमा कार्यसम्पादन सहज बनाउन न्यायिक समितिमा १ जना कानुन अधिकृतको दरबन्दी प्रस्ताव गर्ने।

१८. **चुरे संरक्षण र भूक्षय नियन्त्रण:** वातावरणीय विनाश रोक्न, चुरे क्षेत्र संरक्षण र पानीका मुहान पुनरुत्थानमा समन्वय र आवश्यक सहजीकरण गर्ने।

१९. **सहायक सडक स्तरोन्नति:** घोराही-हापुर-रक्षाचौर र कुइरेपानी-धर्ना-फूलबारी सडक स्तरोन्नतिको लागि संघीय र प्रदेश सरकारसंग प्रस्ताव गर्ने।

२०. **इन्धन डिपो स्थापना:** दाङमा नेपालगञ्जको आयल निगमको डिपोबाट इन्धन ल्याउँदा temperature loss(तापक्रम ह्रास) का कारण हुने इन्धनको नोक्सानी रोक्न दाङमै नेपाल आयल निगमको इन्धन डिपो स्थापना गर्न माग गर्ने।

२१. **टरीगाउँ विमानस्थल स्तरोन्नति:** तुलसीपुरको टरीगाउँ विमानस्थल स्तरोन्नति गरी नियमित हवाई सेवा सञ्चालन गर्न सम्बन्धित निकायलाई अपिल गर्ने ।

२२. **नदी करिडोर गुरुयोजना:** देउखुरी र दाङ उपत्यकालाई डुबानमुक्त बनाउन राप्ती र बबई करिडोर निर्माणका लागि आवश्यक गुरुयोजना निर्माण गरि काम अघि बढाउन संघ र प्रदेश सरकारसंग माग गर्ने।

२३. **नगर बस सञ्चालन:** लुम्बिनी प्रदेशको स्थायी राजधानी (देउखुरी) क्षेत्रमा नगर बस सञ्चालनका लागि देउखुरी क्षेत्रका स्थानीय सरकारहरु संग आवश्यक समन्वय गर्ने।

२४. **आत्मरक्षा र नैतिक शिक्षा:** छोरीचेलीको सुरक्षाका लागि आत्मरक्षा तालिम, नैतिक शिक्षा प्रदान गर्न सोही अनुरुपको पाठ्यक्रम निर्माण सहित सचेतनामुलक कार्यक्रम गर्न समेत सम्पुर्ण स्थानीय तहहरुलाई यो प्रस्ताव पेश गर्ने ।

## ५. जिल्ला सभाका मुख्य प्रस्तावहरू र सर्वसम्मत निर्णयहरू

दशौं जिल्ला सभाले गहन छलफल गरी निम्न ११ वटा प्रस्तावहरू सर्वसम्मत रूपमा पारित/निर्णय गऱ्यो:

| निर्णय नं. | विषय / प्रस्ताव | स्वीकृत निर्णयको विवरण |
|---|---|---|
| १ | निर्णय अनुमोदन | जिल्ला समन्वय समितिबाट आ.व. २०८२/०८३ मा भए-गरेका सम्पूर्ण निर्णयहरू सर्वसम्मत अनुमोदन गरियो। |
| २ | बजेट विनियोजन अधिकार | आ.व २०८३/०८४ का लागि संघ,प्रदेश ,सञ्चित कोष बचत रकम तथा अन्य निकायबाट प्राप्त हुने बजेट आवश्यकता अनुसार योजना तथा कार्यक्रमहरुमा विनियोजन गरि खर्च गर्ने अधिकार जि.स.स.लाई प्रदान गर्ने निर्णय गरियो। |
| ३ | नीति, कार्यक्रम तथा बजेट | दशौं जिल्ला सभामा प्रस्तुत जिल्ला समन्वय समितिको वार्षिक नीति तथा कार्यक्रम, बजेट स्वीकृत गर्ने निर्णय गरियो। |
| ४ | जिल्ला पार्श्वचित्र (District Profile) | दाङ जिल्लाका १० वटै पालिकाहरूले प्रतिपालिका रु. १,००,०००/- का दरले आर्थिक सहयोग गरी जिल्लाको समग्र विकास योजना |

| निर्णय नं. | विषय / प्रस्ताव | स्वीकृत निर्णयको विवरण |
|---|---|---|
| | | तर्जुमाका लागि वस्तुस्थिति विवरण(District Profile) निर्माण गर्ने निर्णय गरियो। |
| ५ | आयल निगम डिपो स्थापना | दाङमा आयल निगमको ईन्धन डिपो शिघ्र स्थापना गर्न सम्बन्धित संघीय मन्त्रालय र नेपाल आयल निगमलाई पत्राचार गर्ने निर्णय गरियो । |
| ६ | कृषि सामग्री व्यवस्थापन | कृषकहरूलाई समयमै अनुदानको रासायनिक मल तथा बिउबिजन वितरण प्रणाली कार्यविधि अनुरूप गर्ने र खेतीयोग्य जमिनको क्षेत्रफल अनुसार मल वितरणको कोटा वृद्धि गर्नका लागि प्रदेश सरकारसँग समन्वय गर्ने तथा कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ कर्पोरेसनलाई समयमै आपूर्ति तथा ढुवानीको व्यवस्था मिलाउन पत्राचार गर्ने निर्णय गरियो। |
| ७ | वैकल्पिक सडक निर्माण | उद्योग तथा खानी क्षेत्रका टिपर सवारी साधन सञ्चालनका लागि वैकल्पिक सडक निर्माण गर्न बजेट तथा पूर्वाधार व्यवस्थापनका लागि उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र पूर्वाधार विकास मन्त्रालयमा अनुरोध गरी पत्राचार गर्ने निर्णय गरियो। |
| ८ | रात्रिकालीन होटेल व्यवस्थापन | जिल्लाभित्रको आर्थिक गतिविधिलाई चलायमान बनाउन र पर्यटन प्रवर्द्धनका लागि रात्रिकालीन होटल तथा रेस्टुरेन्ट व्यवसायलाई कम्तीमा राति १०:०० बजेसम्म सञ्चालन गर्न दिने व्यवस्था मिलाउन स्थानीय प्रशासन, सुरक्षा निकाय र होटल व्यवसायी सङ्घलाई आग्रह गर्ने निर्णय गरियो। |
| ९ | योजना बैङ्क (Project Bank) | विकास निर्माणका योजनाहरूमा हुन सक्ने दोहोरोपना |

| निर्णय नं. | विषय / प्रस्ताव | स्वीकृत निर्णयको विवरण |
|---|---|---|
| | | (Duplication) अन्त्य गर्न र बजेटको प्रभावकारी उपयोग सुनिश्चित गर्न जिल्ला समन्वय समितिमा 'योजना बैंक' (Project Bank) स्थापना गर्ने निर्णय गरियो। साथै, योजना कार्यान्वयनका चरणमा अनुगमन तथा समन्वयको कार्य जिल्ला समन्वय समितिले गर्ने निर्णय गरियो। |
| १० | अध्ययन, अवलोकन भ्रमण सम्बन्धमा। | जिल्ला समन्वय समितिबाट भए गरेका असल अभ्यास तथा अनुभवहरूको आदानप्रदान मार्फत जिससको समन्वयकारी भूमिकालाई प्रभावकारी र नतिजामुखी बनाउनका लागि पदाधिकारी र कर्मचारी सम्मिलित अन्तरजिल्ला अध्ययन अवलोकन भ्रमण गर्ने निर्णय गरियो । |
| ११ | दाङ जिल्लाको सिमाना समस्या समन्वय सम्बन्धमा। | दाङ जिल्लाको बबई गाउँपालिका वडा नं. १ को अधिकांश पश्चिमी भूभाग कर्णाली प्रदेशको सिमानासँग जोडिएको र सिमाङ्कन सम्बन्धी विवाद/समस्या रहेकाले सोको पहिचान, नक्साङ्कन तथा विवाद समाधानका लागि अन्तरप्रदेश समन्वय एवं सङ्घीय सरकार (नापी विभाग/गृह मन्त्रालय) सँग आवश्यक समन्वय र पहल गर्ने निर्णय गरियो । |
| १२ | हुलाकी मार्ग स्तरोन्नतिको लागि समन्वय सम्बन्धमा। | गढवा गाउँपालिकाको कालाकाठेदेखि राजपुर गाउँपालिकाको सिक्टासम्म जोड्ने हुलाकी राजमार्गको स्तरोन्नति (कालोपत्रे/विस्तार) का लागि बजेट तथा योजना व्यवस्थापन गर्न सङ्घीय सरकारसमक्ष सिफारिस एवं आवश्यक समन्वय गर्ने निर्णय गरियो । |

| निर्णय नं. | विषय / प्रस्ताव | स्वीकृत निर्णयको विवरण |
|---|---|---|
| | | |
| १३ | **अन्तर-प्रदेश सडक समन्वय सम्बन्धमा।** | शान्तिनगर गाउँपालिका वडा नं. १ स्थित हारिचार हुँदै कर्णाली प्रदेशको सल्यान जोड्ने सडकलाई प्रदेश रणनीतिक सडकका रूपमा विकास गर्न बहुवर्षीय योजनामा समावेश गर्ने र यसका लागि आवश्यक अन्तर प्रदेश समन्वय गर्ने निर्णय गरियो । |
| १४ | **राजपुर गाउँपालिकाको सीमा क्षेत्रभित्र पर्ने सिंजाली मार्गको स्तरोन्नति सम्बन्धमा।** | राजपुर गाउँपालिकाको सीमा क्षेत्रमा रहेको सिंजाली मार्ग स्थानीय यातायात तथा नागरिक आवागमनका दृष्टिले अत्यन्त महत्त्वपूर्ण रहेकाले उक्त सडकको स्तरोन्नति (सडक चौडा गर्ने, नाला निर्माण, सोलिङ/पिच आदि कार्य) गर्न आवश्यक बजेट तथा प्राविधिक सहयोगका लागि नेपाल सरकार (सङ्घीय सरकार) र प्रदेश सरकारका सम्बन्धित मन्त्रालय/निकायहरूमा अनुरोध गरी पठाउने निर्णय गरियो । |

**६. निष्कर्ष**

जि.स.स. दाङको दशौँ जिल्ला सभा भव्यताका साथ सम्पन्न भयो। सभामा प्रस्तुत नीति, कार्यक्रम र सर्वसम्मत निर्णयहरूले जिल्लाभित्रका संघ, प्रदेश र स्थानीय तहका कामकारबाहीलाई थप पारदर्शी, व्यवस्थित र समृद्ध दाङ निर्माणको दीर्घकालीन लक्ष्य हासिल गर्न महत्त्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ।

**प्रतिवेदन तयार पार्ने:**

दस्तखत...........................................

नाम: विमला भण्डारी

पद: शाखा अधिकृत


जिल्ला समन्वय समितिको कार्यालय, दाङ


जिल्ला समन्वय समिति दाङको
दशौं जिल्ला सभा
२०८३ भाद्र १७ गते
स्थानः
आयोजकः


जिल्ला समन्वय समिति दाङको
दशौं जिल्ला सभा
२०८३ भाद्र १७ गते
स्थान:
आयोजक:

## तस्विरहरु:




जिल्ला समन्वय समिति
दशौं जिल्ला
२०८३ भाद्र १७ गते
समितिको सभाहल


दशौं जिल्ला
२०८३ भाद्र
स्थानः
जिल्ला समन्वय समितिको सभाहल
घोराही,दाङ।